२८ ३५ १०७३

प्रस्तावहरु:-

१. बजेट तथा योजना तर्जुमा सम्बन्धमा ।

२. योजना संशोधन सम्बन्धमा ।

३. वडा कार्यालय भवन मर्मत भुक्तानी सम्बन्धमा ।

४. पारिश्रमीक भुक्तानी सम्बन्धमा ।

५. विविध

निर्णय नं.१:-

प्रस्ताव नं. १ मा छलफल गर्दा आगामी आ.व.०७५/०७६ को योजनाहरु तर्जुमा गर्दा तपसिल बमोजिमको योजनाहरुलाई प्राथमिकता दिने निर्णय गरियो ।

तपसिल:-

क) आ.व. ०७४/०७५ मा संचालन भएका कोहलपुरको गौरवका योजनाहरुलाई प्राथमिकता दिने ।

ख) विषयगत शाखाबाट प्राप्त योजना तथा कार्यक्रमहरु

ग) लक्षित वर्गका कार्यक्रमहरु

निर्णय नं.२:-

प्रस्ताव नं. २ मा छलफल गर्दा वडा नं. १५ को ५० के.भी. को ट्रान्सफर्म हटाई १०० के.भी. को ट्रान्सफर्म खरिद चन्नहवा, अकलघरुवा, चौधरीया, प्रशनिपुर र पहाडीपुरको कार्यक्रम संशोधन गरी सोही ठाँउहरुमा विद्युतपोल लाईन विस्तार कार्यमा रु.६ लाख खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं.३:-

प्रस्ताव नं. ३ मा छलफल गर्दा कोहलपुर न.पा.वडा नं. १० को वडा कार्यालय भवन मर्मत गर्दाको प्राविधिक मूल्याङ्कन एवं प्राविधिक अन्तिम बिल बमोजिमको एम.वि.एण्ड थापा कन्स्ट्रक्सनको दररेट स्वीकृत भएकोले जम्मा रु.२५६६३४।७४ (भ्याट समेत) को रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.४:-

प्रस्ताव नं. २ मा छलफल गर्दा यस कोहलपुर नगरपालिकालाई विपक्षी बनाई परेका मुद्दा मामिलामा विभिन्न मितिमा न.पा.को तर्फबाट बहस पैरवी गरे बापत कानुन व्यवसायीको निवेदन बमोजिम पारिश्रमीक नियमानुसार करकट्टी गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.५:-

प्रस्ताव नं. ५ मा छलफल गर्दा तपसिल बमोजिमका विविध निर्णय गरियो ।

क) बजेट तथा कार्यक्रम तर्जुमा गर्दा बजेट तर्जुमा दिग्दर्शन २०७४ को निर्देशिकालाई अनिवार्य अनुसरण गरिनु पर्ने ।

ख) आ.व. ०७४/०७५ को योजना तथा कार्यक्रमको सम्झौता मिति २०७५/२/३० सम्म गर्ने ।

ग) प्रथम नगरसभाबाट पदाधिकारीहरु र कर्मचारीको लागि अवलोकन भ्रमणमा विनियोजित रकम रु.१० लाख कार्यालयको सभाहललाई आवश्यक पर्ने फर्निचर र मेशिनरी औजारमा खर्च गर्ने ।

घ) सबै वडा कार्यालयहरुमा वितरण गरिएका फ्रिज खरीद बापत भएको खर्च रकमलाई अनुमोदन गरियो ।